उपस्थिती

श्री भोजराज खतिवडा कार्यकारी अधिकृत धरान न.पा.

आज मिति २०७०।५।२ गते धरान नगरपालिकाको कार्य संचालन समितिको बैठक बसी गरिएको निर्णयलाई यसै माइन्युट बुकमा टाँस गरी प्रमाणित गरियो ।

तपसिल

**निर्णयः–१ खानेपानी व्यवस्थापन बोर्ड गठनको प्रस्तावमा आंशिक संसोधन सम्बन्धमा ।**

एशियाली विकास बैंक तथा नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा एकीकृत शहरी विकास आयोजना अन्तर्गत धरानमा संचालन हुन लागेको खानेपानी आयोजनाको दिर्घकालिन व्यवस्थापन र संचालनको लागि खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ को दफा ३ को उपदफा ३ बमोजिम निर्धारित विवरण सहित धरान खानेपानी व्यवस्थापन बोर्ड गठन गर्नको प्रस्ताव सहित मिति २०७०।०२।२३ गते ( तदनुसार ६ जुन २०१३) मा आयोजना समन्वय कार्यालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गरिएकोमा तपशिल बमोजिमको बुंदाहरु *(वोर्डको कार्यकारी समितिको अध्यक्ष हुने र कार्यकारी निर्देशकको नियुक्ती,* ऐन विपरित भएकोले प्रस्तावमा संसोधन गरी पुन प्रस्ताव पेश गर्नुहुन भनी आयोजना समन्वय कार्यालयबाट अनुरोध भै आएको हुदा तपशिल बमोजिम संसोधन गरी बोर्ड गठनको लागि पुन प्रस्ताव पठाउने निर्णय गरियो । साथै तपशिलका कुराहरु बाहेक प्रस्तावमा उल्लिखित अन्य कुराहरु खानेपानी व्यवस्थापन वोर्ड ऐन नियमसंग बाझिएको पाईएमा ऐन नियम बमोजिम गरिदिनहुन समेत अनुरोध गर्ने निर्णय गरियो । साथै पहिले प्रस्ताव गरिएको कार्ययोजना समेतलाई स्पष्ट र समय सिमा सहित संलग्न गरी पठाउने निर्णय गरियो ।

तपशिल

**१. साविकको प्रस्तावमा उल्लेख भएको व्यवस्था**

ख. वोर्डको कार्यकारी समितिको अध्यक्ष

खानेपानी व्यवस्थापन ऐन, २०६३ को दफा १० (६) अनुसार समितिका सदस्यहरुले आफुमध्येबाट अध्यक्ष छान्ने छ । तर आयोजना सम्पन्न नभए सम्मको लागि पहिलो ४ वर्षको निमित्त धरान नगरपालिकाको प्रमुख नै वोर्डको अध्यक्ष हुनेछ ।

**नयां प्रस्तावमा संसोधन गरिएको व्यवस्था**

ख. वोर्डको कार्यकारी समितिको अध्यक्ष

खानेपानी व्यवस्थापन ऐन, २०६३ को दफा १० (६) अनुसार समितिका सदस्यहरुले आफुमध्येबाट अध्यक्ष छान्ने छ ।

**२. साविकको प्रस्तावमा उल्लेख भएको**

ग. वोर्डको कार्यकारी निर्देशक

- वोर्डको गठन प्रक्रियामा शुरुदेखि परियोजना व्यवस्थापक ( Project Manager, PIU) ले मुख्य भूमिका निर्वाह गर्नुपर्ने हुंदा शुरुमा निजलाई नै वोर्डको सदस्य सचिव तोकी कार्य अगाडि बढाउनु उचित हुने देखिन्छ । निजलेनै अर्को व्यक्ति कार्यकारी निर्देशकमा नियुक्त नभए सम्म बढीमा आयोजना अवधि भर कार्यकारी निर्देशकको कार्य पनि सम्पादन गर्नु उपयुक्त हुन्छ ।
- कार्यकारी निर्देशकको भूमिका तथा जिम्मेवारीका सम्बन्धमा वोर्डले नै निर्णय गरी नियमावलीमा आवश्यक कुरा समावेश हुन उपयुक्त हुनेछ ।
- वोर्डले प्रतिस्पर्धाको आधारमा कार्यकारी निर्देशक छनोट गरी नियुक्त गर्न र यसरी नियुक्त भएका कार्यकारी निर्देशकलाई शुरुका कार्यकारी निर्देशकले सम्पन्न गर्न बांकी रहेका कार्यहरुको फेहरिस्त सहित जिम्मेवारी हस्तान्तरण गर्ने व्यवस्था मिलाउन मनासिव हुनेछ ।
- यसरी नियुक्त भएका कार्यकारी निर्देशक तथा वोर्डको सदस्य सचिवको शुरुको तलब रु ..........हुनु मनासिब देखिन्छ

**नयां प्रस्तावमा संसोधन गरिएको व्यवस्था**

ग. वोर्डको कार्यकारी निर्देशक

- वोर्डको प्रशासकिय प्रमुखको रुपमा काम गर्न समिलि तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।
- निजको पदावधि, सेवा, शर्त, सुविधा, पारिश्रमिक, काम कर्तव्य र अधिकारहरुको सम्बन्धमा प्रचलित ऐन कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**निर्णय:–२ सवारी साधन खरिदको लागि सम्झौता गर्ने सम्बन्धमा ।**

एकीकृत शहरी विकास आयोजना, आयोजना कार्यान्वयन एकाई धरानको लागि आवश्यक पर्ने सवारी साधन सप्लाई गर्ने सम्बन्धमा मिति २०७०।०२।२९ (१२ जून २०१३)मा माग गरिएको दरभाउपत्र मध्ये ए.वी. ईन्टरप्राईजेज, बिराटनगरले पेश गरेको दररेट अन्य दरभाउपत्रदाताहरुको भन्दा न्यूनतम पाइएको र एशियाली विकास बैंक तथा एकिकृत शहरी विकास आयोजना, आयोजना समन्वय कार्यालय, बबरमहलबाट समेत ए.वी. ईन्टरप्राईजेज, बिराटनगरबाट खरिद गर्न स्वीकृत प्राप्त भै सकेकोले सो सप्लायर्ससंग उक्त दरभाउपत्रमा उल्लेख भए बमोजिमको सवारी साधन खरिदको लागि सम्झौता गर्ने निर्णय गरियो । साथै सम्झौतापत्रमा हस्ताक्षरको लागि लागि कार्यकारी अधिकृत श्री भोजराज खतिवडालाई अख्तियारी दिने निर्णय समेत गरियो ।

**निर्णय:–३ कार्यालय मालसमान खरिदको लागि सम्झौता गर्ने सम्बन्धमा ।**

एकीकृत शहरी विकास आयोजना, आयोजना कार्यान्वयन एकाई धरानको लागि आवश्यक पर्ने कार्यालय मालसामान तथा मेसीनरी औजार सप्लाई गर्ने सम्बन्धमा मिति २०७०।०३।०४ (१८ जून २०१३)मा माग गरिएको दरभाउपत्र मध्ये आशिर्वाद सप्लायर्स एण्ड ट्रेडर्स, उदयपुरले पेश गरेको दररेट अन्य दरभाउपत्रदाताहरुको भन्दा न्यूनतम पाइएको र एशियाली विकास बैंक तथा एकिकृत शहरी विकास आयोजना, आयोजना समन्वय कार्यालय, बबरमहलबाट समेत आशिर्वाद सप्लायर्स एण्ड ट्रेडर्स, उदयपुरबाट खरिद गर्न स्वीकृत प्राप्त भै सकेकोले सो सप्लायर्ससंग उक्त दरभाउपत्रमा उल्लेख भए बमोजिमको कार्यालय मालसामान तथा मेसीनरी औजार खरिदको लागि सम्झौता गर्ने निर्णय गरियो । साथै सम्झौतापत्रमा हस्ताक्षरको लागि लागि कार्यकारी अधिकृत श्री भोजराज खतिवडालाई अख्तियारी दिने निर्णय समेत गरियो ।